नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## माननीय मन्त्रीज्यूको निजी सचिवालय

सिंहदरबार, काठमाडौं

प.सं. :

च.नं. :

### प्रेस विज्ञप्ति

आज मिति २०८१ असार ४ (१८ जुन २०२४) दिनको २:१५ बजे नेपाल भ्रमणमा रहनु भएका H.E. Mr. Liu Guixiang, Justice and Full-time Member of the Adjudication Committee of the Supreme People's Court (People's Republic of China) ले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीसँग यस मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो ।

भेटको अवसरमा माननीय मन्त्रीज्यूले महामहिम न्यायाधिशज्यूले नेपाल भ्रमण गर्नु भएकोमा खुशी व्यक्त गर्नुभयो। नेपाल र चीनबीच सदियौंदेखि रहि आएको सौहार्दपूर्ण एवं अति घनिष्ठ सम्बन्धका बारेमा चर्चा गर्दै माननीय मन्त्रीज्यूले नेपाल एक चीन नीतिप्रति पूर्ण प्रतिवद्ध रहेको कुरा व्यक्त गर्नुभयो । साथै, चीनले झण्डै सात दशकदेखि नेपालको विकास प्रयासमा पुऱ्याउदै आएको सहयोगका लागि धन्यवाद समेत दिनुभयो।

मित्रराष्ट्र चीनका महामहिम न्यायाधिशज्यूले एक चीन नीति प्रतिको नेपालको प्रतिवद्धताको प्रशंसा गर्दै कानून तथा न्यायको क्षेत्रमा विगत केही वर्षदेखि नेपालको न्यायपालिका र चीनको न्यायपालिका विचको अनुभव आदानप्रदान गरिंदै आएको कार्यलाई निरन्तरता दिइने धारणा समेत व्यक्त गर्नुभयो।

अन्त्यमा, नेपालले चीनसँगको सम्बन्धलाई उच्च महत्व दिएको र आगामी दिनमा पनि दुई देश र जनताको पारस्परिक हितका लागि कानून तथा न्यायको क्षेत्रमा समेत पारस्परिक सहयोग अभिवृद्धि हुने विश्वास व्यक्त गर्दै माननीय मन्त्रीज्यूले महामहिमको नेपाल भ्रमणको पूर्ण सफलताको कामना गर्नुभयो ।

सहायक प्रवक्ता

(लोकहरि बस्याल)

फोन नं.: ४-२११९७४ (कार्यालय), फ्याक्स नं.: ४२११६८४, पोष्ट बक्स नं.: ४६८१, काठमाडौं